**बैठक संख्या : ८९**

आज मिति २०७८/१०/२५ गते..........बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरूको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | Laxmi Gupta |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री राम दिनेश यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष वडा नं. १० | मोहनलालशर्मा |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष वडा नं. १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | कार्यपालिका सदस्य | |
| १६ | श्री सबिता धिमिरे | कार्यपालिका सदस्य | सविता |
| १७ | श्री प्रेमा देवी कोरी | कार्यपालिका सदस्य | प्रेमा देवी |
| १८ | श्री उर्मिला कोरी | कार्यपालिका सदस्य | |
| १९ | श्री पुष्पा थारू | कार्यपालिका सदस्य | पुष्पा |
| २० | श्री इन्सान अलि धुनिया | कार्यपालिका सदस्य | इन्सान अली |
| २१ | श्री सिताराम धोवी | कार्यपालिका सदस्य | |
| २२ | श्री रामधनी बढई | कार्यपालिका सदस्य | |
| २३ | श्री शेषकान्त पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| २४ | श्री सुरेन्द्र राज लम्साल | सामाजिक विकास सल्लाहकार | |
| २५ | श्री पदमराज श्रेष्ठ | सामाजिक विकास अधिकृत | |
| २६ | श्री बलराल न्यौपाने | लेखा अधिकृत | |
| २७ | श्री राजेश कुमार शैनी | इन्जिनियर | |
| २८ | श्री शिवेन्द्र कुमार पासी | सूचना प्रविधि अधिकृत | |
| २९ | श्री विनोद कुँवर | अधिकृत | |

**बैठकका प्रस्तावहरू :**

१. गत बैठकको समिक्षा गर्ने सम्बन्धमा ।

२. शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

3. प्रशासनिक भवनको कार्य वापत रकम थप गर्ने सम्बन्धमा ।

४. एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्बन्धमा ।

५. एकीकृत दलित वस्तीको माग सम्बन्धमा ।

६. समसामायिक विविध ।

**निर्णयहरू**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७८।१०।११ गतेको कार्यपालिका बैठकबाट भएका निर्णयहरूको समिक्षा गरियो उक्त समिक्षा अनुसार कार्यपालिकाले गरेको सम्पूर्ण निर्णयहरू पूर्ण रूपमा कार्यन्वयन भएको सहर्ष जानकारी गराइन्छ ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा कपिलवस्तु नगरपालिका वडा नं. ५ का वडा सदस्य राम फेरन कुर्मीको मिति २०७८/१०/१६ गते असामयिक निधन भएकोमा निज प्रति कपिलवस्तु नगरपालिका हार्दिक श्राद्धन्जली अर्पण गर्दछ । साथै आजको बैठकबाट निज राम फेरन कुर्मीको असामयिक निधन प्रति पेश भएको शोक प्रस्ताव पारित गरिन्छ साथै क्रिया खर्च बापत निजको नजिकको हकदारलाई रू. १५०००/- (पन्ध्रा हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

3. प्रस्ताव नं. 3 माथि छलफल गर्दा नगरपालिकाको प्रशासनिक भवनको ठेक्का नं. KM/BDG/077/078/14 को मुक्ति कन्सट्रक्सनसंगको सम्झौता बमोजिम चौथो तला निर्माण कार्य गर्दा पूर्व लागत इष्टिमेटमा केहि परिमाण थप गर्नु पर्ने देखिएकोले सो परिमाण समावेश गर्दा सम्झौता रकममा १५ प्रतिशत भन्दा बढी भेरिएसन हुन भएको हुँदा यस नगरपालिकाको सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम सो भेरिएसनलाई स्वीकृत गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरपालिकाले खरिद गरेको एम्बुलेन्स सञ्चालन व्यवस्थापनको लागि जिल्ला अस्पताल वा अन्य कुनै संघ संस्थासंग छलफल गरी उचित व्यवस्थापन गर्न नगर प्रमुखलाई जिम्मेवारी दिने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा श्री संघीय आयोजना कार्यान्वयन इकाई सिद्धार्थनगर, रूपन्देहीको पत्र सं. ०७८।०७९, च.नं. ११९४ मिति २०७८/०९/२५ को प्राप्त पत्रबाट माग भए बमोजिम वडा नं. १२ स्थित बिठुवाको हरिजन बस्तीमा एकीकृत दलित बस्ती व्यवस्थापनको लागि सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित